# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## भद्रपुर नगरपालिका

## झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. १)

पत्र संख्याः २०७८।७९
च.नं. ४१७

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू. ७ करोड २८ लाख ८९ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ६१ लाख ५१ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४६ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १२ लाख १९ हजार, नियमित गर्नुपर्ने रू. ३ करोड ४९ लाख ५६ हजार र पेश्की रू. १ करोड ५८ लाख ९७ हजार रहेको छ ।पालिकाको गत वर्ष रु. १२ करोड १८ लाख ३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यस वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १६ करोड २९ लाख ३४ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

भद्रपुर नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ९२ | ७२८८९ | ० | ९ | ६१५१ | ४१ | ८३ | ६६७३८ | ४६६६ | ३४९५६ | ११२१९ | ० | ० | ४६१७५ | १५८९७ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भद्रपुर नगरपालिका, झापा | १२१८०३ | ० | २९८९२ | ९१९११ | ४२८५ | ६६७३८ | १६२९३४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भद्रपुर नगरपालिका, झापा , भद्रपुर नगरपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टेक कुमार रेग्मी | २०७८-६-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | होमनाथ भट्टराई | २०७७-४-१ | |
| लेखा प्रमुख | सुभाष भट्टराई | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ७२,८८९,४१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २०,३९,२०,०११ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,००,३९,४७२ | **चालु खर्च** | ६५,९५,९९,०५२.२४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३१,२५,००० | **पूँजीगत खर्च** | २६,४४,२६,४३४.७९ |
| **राजश्व बाँडफाँट** | १४,४९,६१,१४४.२२ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ९,०३,१०,८६९.४७ | | |
| **अन्य आय** | २५,९१,०६,५७४.९८ | | |
| **कुल आय** | १,०१,७५,४३,०६०.६७ | **कुल खर्च** | ९२,४०,२५,४८७.०३ |
| **बाँकी मौज्दात** | | २९,७४,३७,५८४.५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थापन, उद्देश्य र कार्यक्षेत्रः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो नगरपालिका कुल ९६.३५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल १० वटा वडाहरुमा बिभाजन गरिएको छ । नगरपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या ६७ हजार १ सय २५ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तिय प्रतिवेदन
<table>
<tr><td colspan="9">भद्रपुर नगरपालिका</td></tr>
<tr><td colspan="9">नगर कार्यपालिकाको कार्यालय,भद्रपुर झापा</td></tr>
<tr><td colspan="9">कार्यालयको कोड : ८०१०२५०६३००</td></tr>
<tr><td colspan="9">म.ले.प.फा.नं. २७२</td></tr>
<tr><td colspan="9">वित्तीय प्रतिवेदन</td></tr>
<tr><td colspan="9">आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१</td></tr>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१००५५६९५८०</td><td>१०१७५४३०६१</td><td>०</td><td>१०१७५४३०६१</td><td>९८८६४०७०२</td><td>०</td><td>९८८६४०७०२</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>७६५१३९०८२</td><td>७५८४३६४८६</td><td>०</td><td>७५८४३६४८६</td><td>७१५२४६५१९</td><td>०</td><td>७१५२४६५१९</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>१५०८७६६१०</td><td>१६६१५१५९७</td><td></td><td>१६६१५१५९७</td><td>११५३९७३४४</td><td>०</td><td>११५३९७३४४</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>५५१५९४४७२</td><td>५३०४७४८७५</td><td></td><td>५३०४७४८७५</td><td>५३२५२०४३७</td><td>०</td><td>५३२५२०४३७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकार | १२ | ५०००३९४७२ | ५०००३९४७२ | | ५०००३९४७२ | ४६०५३८००० | ० | ४६०५३८००० | |
| | | | प्रदेश सरकार | १२ | २३१२५००० | २३१२५००० | | २३१२५००० | ६१९३९००० | ० | ६१९३९००० | |
| | | | अन्तरिक श्रोत | १२ | २१७९८००० | ७३१०४०३ | | ७३१०४०३ | १००४३४३७ | ० | १००४३४३७ | |
| | | | बैदिशक श्रोत | १२ | ६६३२००० | ० | | ० | ० | | ० | |
| | | | जनसहभागीता | | ३५७१८००० | ३६०३४९२१ | | ३६०३४९२१ | ४३८०७७४० | | ४३८०७७४० | |
| | | | १४००० अन्य राजस्व | | २६४५०००० | २५७४५२९४ | | २५७४५२९४ | २२७०६३२४ | ० | २२७०६३२४ | |
| | | | १५००० विविध राजस्व | | ५००००० | २९८०० | | २९८०० | ८१४६७५ | | ८१४६७५ | |
| | | | ख. अन्य प्राप्ति | | २४०४३०४९८ | २५९१०६५७५ | ० | २५९१०६५७५ | २७३३९४१८३ | ० | २७३३९४१८३ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | | ० | ० | ० | ० | |
| | | | कोषहरु | | १६५१०००० | १३११४७७५ | | १३११४७७५ | २२९०१७४५ | ० | २२९०१७४५ | |
| | | | धरौटी | | ० | २२०७१३०२ | | २२०७१३०२ | १९९१२८४५ | ० | १९९१२८४५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | १६ | २२३९२०४९८ | २२३९२०४९८ | | २२३९२०४९८ | २३०५७९५९३ | ० | २३०५७९५९३ | |
| | | | भुक्तानी (ग+घ) | | ११२३२६९५८० | ९२४०२५४८७ | ० | ९२४०२५४८७ | ९२०२६८८१७ | ० | ९२०२६८८१७ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८८२८३९०८२ | ६३५४१८५२२ | | ६३५४१८५२२ | ६१६३०२६६८ | ० | ६१६३०२६६८ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ६७०००००० | ६२७०३४७० | | ६२७०३४७० | २२८९८४०४१ | ० | २२८९८४०४१ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७५३८१६१० | १२८४२१०५१ | | १२८४२१०५१ | ६९३५४५४७ | ० | ६९३५४५४७ | |
| | | | २४००० ब्याज सेवा शुल्क तथा बैक कमिसन | १८ | १५००००० | ७२३४२३ | | ७२३४२३ | ९१४७९० | | ९१४७९० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १८१६५७००० | १७६५५४८७१ | | १७६५५४८७१ | २३८२९५७३ | ० | २३८२९५७३ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ५००००० | २१९५१४ | | २१९५१४ | ६९७३२९७ | ० | ६९७३२९७ | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २८००० अन्य खर्च | १८ | २०००००० | ९०४१७२ | | ९०४१७२ | ६९७३०९ | ० | ६९७३०९ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४५३३००४७२ | २६४४२६४३५ | | २६४४२६४३५ | २८४११३९८९ | ० | २८४११३९८९ | |
| | | | ३२००० वितिय सम्पति | १८ | १५००००० | १४६५५८७ | | १४६५५८७ | १४३५१२१ | | १४३५१२१ | |
| | | | ३३००० दायित्य | १८ | ० | ० | | ० | ० | | ० | |
| | | | घ. अन्य भूक्तानी | | २४०४३०४९८ | २८८६०६९६५ | ० | २८८६०६९६५ | ३०३९६६१५० | ० | ३०३९६६१५० | |
| | | | कोषहरु | | १६५१०००० | १११०८२५० | ० | १११०८२५० | १६९६३८१३ | ० | १६९६३८१३ | |
| | | | धरौटी | | ० | २१८३७५२२ | ० | २१८३७५२२ | १४४९८८७२ | ० | १४४९८८७२ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | २२३९२०४९८ | २२३९२०४९८ | ० | २२३९२०४९८ | २३०५७९५९३ | ० | २३०५७९५९३ | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी/ संघ प्रदेशमा फिर्ता हुने रकम खर्च खातावाट फिर्ता | | | ३१७४०६९६ | | ३१७४०६९६ | ४१९२३८७१ | | ४१९२३८७१ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -११७७००००० | ९३५१७५७४ | | ९३५१७५७४ | ६८३७१८८५ | ० | ६८३७१८८५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०३९२००११ | | २०३९२००११ | १३५५४८१२६ | | १३५५४८१२६ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | २९७४३७५८५ | | २९७४३७५८५ | २०३९२००११ | | २०३९२००११ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | २९७४३७५८५ | | २९७४३७५८५ | २०३९२००११ | | २०३९२००११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तिय प्रतिवेदनको विष्लेशण**<br>**वित्तीयविवरणविश्लेषण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२)मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाटस्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएकोछः<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपतार शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार जस्तै अन्तर सरकारी अख्तियारी तथा विविध कोष तथा प्रकोप व्यवस्थापन कोष सुत्रमा समावेश नभएको,<br>• नगरपालिका क्षेत्रभित्र रहेका ल्याव संचालनवाट प्राप्त आम्दानी वित्तिय प्रतिवेदनमा समावेश भएको छैन । जसले गर्दा प्राप्ति भुक्तानी विवरण यथार्थ मान्न सकिदैन।<br>लेखापरीक्षणका क्रममा वित्तिय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको प्रारम्भिक मस्यौदा उपलव्ध गराएपछि दिवाखाजा वढी निकासा रकम रु ४१५४२९ तथा पदाधिकरीहरुको बैठक भत्ताको कर रकम रु २०४९६० समेत रु ६२०३८९ असुल भएको छ । | |
| ५ | | | **वित्तीय विवरण** | |
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था वमोजिम गरेको देखिएन। | |
| ५.२ | | | सुत्रको प्रयोग: नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम तथा मर्मत संभार कोष स्लथानिय निकाय घम्तिकोष वातावरण व्यवस्थापन कोष मानव संसाधन विकास कोष र गरिवी निवारण र सामाजिक परीचालन कोष लगायतको सुरु मौज्दात प्रविष्ट नहुदा सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन। | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु ७३९२८१६१० को वजेट असार १० गते मा पेश भई असार ११ सभाfवाट पारित गरेको छ। तर नगर प्रमुखले प्रमुख प्रशाककीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति २०७७।४।१२ मा मात्र प्रदान गरेको देखियो। कानुनमा व्यवस्था भए वमोजिमको म्याद भित्रै अख्तियारी दिनुपर्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्दछ। तर पालिकाले रु ४० लाख रकम सार्वजनिक मर्मत शिर्षकमा वजेट विनियोजन गरी तोक आदेश तथा वडाको सिफारिसका आधारमा विभिन्न ३१ वटा योजनामा खर्च गरेको देखियो। कानुनमा भएको व्यवस्थाको पूर्ण पालना गरीनु पर्दछ। | |
| ६.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन। | |
| ६.४ | | | क्षेत्रगत बजेट र खर्च: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>क्षेत्र/उप क्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>विनियोजनमा खर्च (%)</td></tr><tr><td>आर्थिक विकास</td><td>७१३८५०००</td><td>२८८४९७४०</td><td>४०.४</td></tr><tr><td>सामाजिक विकास</td><td>३०३८७९०००</td><td>२७५१८२३०५</td><td>९०.५६</td></tr><tr><td>पूर्वाधार विकास</td><td>३५७९३२४७२</td><td>२१६०९९९२७</td><td>६०.३७</td></tr><tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१६६०००००</td><td>८८९११९०</td><td>५३.५६</td></tr><tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३३०४२६१०</td><td>१०६३९५३६०</td><td>७९.९७</td></tr><tr><td>जम्मा</td><td>८८२८३९०८२</td><td>६३५४१८५२२</td><td>७१.९७</td></tr></table>कुल विनियोजित वजेटको ७१।९७ प्रतिशत मात्र खर्च भएको देखिन्छ। | |
| ६.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.६ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेकोमा सो वमोजिम गरेको देखिएन । | |
| ७ | | | **कर्मचारी व्यवस्थापन** | |
| ७.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १७ पदमा अस्थायी ८६जना कर्मचारीहरु करारमा राखी रु.१८५८१५५६ /- खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, सव-इन्जिनियर, अमिन, सहायक चौथो लगायत ७ पदमा १७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५०५७३९०/- भुक्तानी गरेको अनियमित देखएको रु.. | |
| ७.२ | | | **तलबी प्रतिबेदन**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. २२७६७८८९/- तलवमा खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ७.३ | | | **योजना छनौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।<br>क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,<br>ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने, ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने ,<br>घ) स्थानीय सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने,<br>ङ) स्थानीय, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,<br>च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,<br>ज) दीगो विकास,वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने,तसर्थ गाउँ पालिकाले दिग्दर्शन बमोजिम योजना छनौटगरी बजेट तर्जुमा गर्नुपर्दछ । | |
| ८ | | | **पदाधिकारी सुविधा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | १५२ | २०७७-७-४ | **प्रतिष्ठानलाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिममा गाउँपालिका तथानगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने , स्थानीय सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने, स्थानीय, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पर्ने, लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास,वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने योजना छनौट गरी बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ। तर पालिकाले दोर्णचार्य स्मृती प्रतिष्ठान, झापालाई कार्यसंचालन वापत रु. ५०००००/-अनुदान दिएको छ । प्रतिष्ठानले पालिकामा प्रस्तावना, खर्चको विल भरपाई तथा प्रगती विवरण पेश गरेको छैन । स्थानीय सरकार संचालन ऐनमा प्रतिष्ठानको कार्यसंचालनको लागि पालिकाबाट भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छैन । प्रस्तावना, खर्चको विल भरपाई तथा प्रगति प्रतिवेदन बेगर कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी भएको रकम नियमसंगत नदेखिएको रु. | ५००,००० |
| ८.२ | | | **निजी सचिवः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन) को दफा ३(३) मा नगरपालिकाका प्रमुख र उपप्रमुखले राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कार्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने उल्लेख छ । पालिकाले दुइजना कर्मचारीहरु निजी सचिवमा नियुक्ति गरी यो वर्ष रु. ७११८६० भुक्तानी गरेको पाइयो । नगरपालिकाले कानून बमोजिम एक जना सम्म निजी सचिव नियुक्ति गर्न सकिने व्यवस्था भएकोमा २ जनालाई कर्मचारीमा नियुक्ती गरी बढी खर्च गरेको देखिएको अनियमित रु | ३५५,९३० |
| ८.३ | | | **निर्वाचित पदाधिकारीमार्फत कार्यक्रम संचलानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ उपदफा २ मा पारदर्शी एवं जवाफदेहि कार्य प्रक्रियाको अवलम्बन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, सार्वजनिक शिष्टाचार तथा सुशासन प्रवर्द्धन गर्नुपर्ने विषयहरु उल्लेख छ । उक्त ऐनमा जनप्रतिनिधिहरुलाई कार्यक्रम कार्यान्वयन गर्ने बारे उल्लेख छैन । तर पालिकाले कार्यपालिका सदस्य तथा नगर खेलकुद विकास समितिका संयोजक श्री श्याम कुमार राउतलाई नगरका विभिन्न खेलकुद गतिविधि संचलान गर्न भनि विभिन्न समयमा रु ७७२०६८/- भुक्तानी दिई खर्च गरेको पाइएकोले ऐनको भावना र मर्म अनुसार आर्थिक कारोबार सञ्चालन भएको छ भन्न सक्ने अवस्था नदेखिएकोले कानून मा उल्लेखित व्यवस्थाको परिपालना गर्ने तर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **संचार सुविधाः** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनसूची- पदाधिकारीहरुको मासिक संचार सुविधा उल्लेख गरे बमोजिम पालिकाले मासिक सुविधा भुक्तानी गरेको छ । तर पालिकाले नगर प्रमुख तथा उपप्रमुखको संचार खर्च भनी देहायबमोजिमको रकम भनि गिता माया गिरीको नाममा भुक्तानी गरेको छ । यसरी पालिकाले पदाधिकारीहरुलाई दोहोरो संचार खर्च भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु | ५१,००० |

| गो.भौ.नं. | नगर प्रमुख जीबन कुमार श्रेष्ठ | नगर उपप्रमुद चन्द्रमाया श्रेष्ठ | जम्मा रकम |
|---|---|---|---|
| ८७५-२०७८।३।३ | ८००० | ८००० | १६००० |
| ७४४-२०७८।२।२ | ७००० | ७००० | १४००० |
| २६४-२०७७।९।९ | ७००० | ७००० | १४००० |
| १४४ | ३५०० | ३५०० | ७५०० |
| जम्मा | २५५०० | २५५०० | ५१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **खरिद व्यवस्थापन** | |
| ९.१ | | | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार सामान आपूर्तिमा तथा निर्माण कार्य गराउदा खपत गरिएका सामाग्री समेतको गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत गरिएका निर्माण कार्य तथा अधिकांश ठेक्कापट्टाको काममा प्रयोग भएका निर्माण सामाग्रिहरुको गुणस्तर परीक्षण गराएको देखिएन । जसले गर्दा निर्मणकार्यको गुणस्तर आश्वास्थता हुन सकिएन। नियममा भएको व्यवस्थाको पालना गरेरमात्र निर्माण र खरिद सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| ९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन। | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १०.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७७ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन। | |
| १०.३ | | | पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्नुपर्छ। सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन। | |
| ११ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ११.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने सो गरेको पाईएन।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ ।<br>• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ७९ अनुसूची ११ वमोजिम कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।<br>•सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएकोपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगतकार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले सो वमोजिम गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | सूचना प्रविधी पद्धतिः<br>सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| ११.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन। | |
| ११.४ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| ११.५ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| १२ | | | **आर्थिक सहायता**<br>महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेरमात्र खर्च गर्नु पर्दछ। तर पालिकाले मापदण्ड नवनाई साईकल यात्री किर्तिमानी यात्रा तथा विरामीलाई आर्थिक सहायताको रुपमा रु९५७००० कानुनी व्यवस्था नगरी खर्च गरेको देखियो। यस्ता खर्चहरु कानुनी व्यवस्था वनाएरमात्र खर्च गरीनु पर्दछ। केही उदाहरण निम्न छन। | |

| विवरण | रकम |
|---|---|
| पुर्ण बहादुर तामाङ र डम्बर बहादुर थामीलाई कमलधाप सिमसार क्षेत्रमा डुबेर मृत्यु भएका परिवारलाई | ८२५००० |
| मान बहादुर रायमाझी समेतलाई | ३०,५०० |
| भद्रपुर १० निवासी गोमा न्यौपाने टेक बहादुर मोतेलाई औषधि उपचारकोलागि | ५,५०० |
| नन्दकुमारी खनाललाई मुटु सम्बन्धटी प्राणघातक रोग | ५,००० |
| साइकल यात्री श्वेता श्रेष्ठलाई भुक्त्तानी | ५,००० |
| मनोज कुमार चन्द्र विश्वकिर्तिमान यात्रा गर्न सहायता | ५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ। पालिकाले निम्नअनुसारका व्याक्तीलाई प्रथम किस्ता वापतको रकम उपलव्ध गराएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ६००,००० |

| अनुदान लिने व्याक्ती | रकम |
|---|---|
| आन्नद प्रसाद राजवंशी, भद्रपुर ७ | ३०००० |
| कार्तिक उराउ, भद्रपुर ७ | ३०००० |
| गंगा शिवाकोटी कडेरिया, भद्रपुर ७ | ३०००० |
| गोमा राजवंशी, भद्रपुर ७ | ३०००० |
| चैता ऋषिदेव मुसहर, भद्रपुर ७ | ३०००० |
| चिन्तामणी राजवंशी, भद्रपुर ७ | ३०००० |
| धनकुमारी राई, भद्रपुर ७ | ३०००० |
| बसन्ती राजवंशी, भद्रपुर ७ | ३०००० |
| भुइचालो राजवंशी, भद्रपुर ७ | ३०००० |
| मेहयानी राजवंशी, भद्रपुर ७ | ३०००० |
| मालभोगिया सदा, भद्रपुर ७ | ३०००० |
| रामकिशन सहनी, भद्रपुर ७ | ३०००० |
| रिता हरिजन, भद्रपुर ७ | ३०००० |
| वालो उराउ, भद्रपुर ७ | ३०००० |
| शकुन्तला राजवंशी, भद्रपुर ७ | ३०००० |
| सकुनी सदा, भद्रपुर ७ | ३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुष्मा खडिया, भद्रपुर ७ — ३०००० <br> सिता मुसहर, भद्रपुर ७ — ३०००० <br> सिर गणेश, भद्रपुर ७ — ३०००० <br> हेला कुमारी राजवंशी, भद्रपुर ७ — ३०००० <br> जम्मा — ६००००० | |
| १४ | | | **संघीय एवं प्रदेश शशर्त** <br> वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त रकमबाट योजना कार्यक्रम संचालन गरि खर्च गर्न तोकिएको आधारमा मात्र गर्नुपर्ने र वर्षान्तमा योजना कार्यक्रमको रकम खर्च नभएमा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा स्थानीय साझेदारी विकास कार्यक्रम तथा प्रदेश शर्शत तर्फबाट मेची रंगशाला प्याराफिट निर्माण र मेची अंचल अस्पतालमा कोभिड अपचार कक्ष निर्माण कार्यमा प्राप्त रकम ठेक्कापट्टाबाट नगरी उपभोक्ता समितिबाट कार्य गराउन संझौता गरेको छ । उपभोक्ता समितिले यो वर्ष उक्त दुवै काम पुरा नगरेकोमा उपभोक्ता समितिलाई पेश्की दिएको रकम समेत घटाई बाँकी रकम मात्र फिर्ता गरेकोले तोकिएको आधार पुरा गरी खर्च गरेको भन्ने आधार देखिएन । दुवै कामको कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु | ३,३३६,३३३ |

| उपभोक्ता समिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| किरण शर्मा – मेची रङ्गशाला प्याराफिट निर्माण उपभोक्ता भद्रपुर ८ | प्रदेश शसर्त अनुदान | १७५५९०० |
| मेची अञ्चल अस्पताल कोभिड आईसोलेशन भवन निर्माण उपभोक्ता समिति भद्रपुर ८ | स्थानीय पूर्वाधार विकास साझेदारी विकास समिति | १५८०४३३ |
| | जम्मा | ३३३६३३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **शिक्षा** | |
| १५.१ | २६४ | २०७८-३-२३ | **कार्यसम्पादन करारः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को क्रियाकलाप ९.११ मा नमुना विद्यालयलाई कार्यसम्पान प्रोत्साहन अनुदान दिदा नमुना विद्यालयका प्रधानाध्यापकसँग स्थानीय कार्यसम्पादन करार गरी अनुदान उपलब्ध गराउनुपर्ने, प्रधानाध्यापकले आफ्ना विद्यालयका माध्यमिक तहका कम्तिमा ३ जना शिक्षकसँग कार्य सम्पादन करार गर्ने र सोको प्रगति स्थानीय तह र केन्द्र पठाउने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष नमुना विद्यालय हिमाली माविलाई कार्यसम्पादन प्रोत्साहन अनुदान दिदा प्रधानाध्यपकसँग गाउँपालिकाले र प्रधानाध्यपकले कम्तिमा तीन जना शिक्षकसँग कार्यसम्पादन करार नगरी भुक्तानी दिएको छ । पालिकाले उक्त विद्यालयसँग र विद्यालयले शिक्षकहरुसँग कार्यसम्पादन करार गरी नियमित हुनुपर्ने रु. | १६४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | २०७८-१०-४ | **हाजिरी विवरण पेश हनु पर्नेः** दिवा खाजा कार्यक्रमको निकासा लिदा विद्यालयबाट दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणित गरी स्थानीय तहमा पेश गर्नुपर्नेमा यस वर्ष सरस्वति माविलाई रु ११३०२०/- निकासा दिदा विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रमाणित प्रतिलिपि पेश भएको छैन । विद्यार्थीहरुको विद्यालयमा उपस्थित भएको दिन एकिन गर्न सकिएन । निकासा रकम वरावरको खर्च भएको हो भन्ने सुनिश्चतता नभएको रु | ११३,०२० |
| १६ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थितिको विवरण पालिकाबाट प्राप्त भएन । | |
| १७ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १५ उजुरी तथा विवाद जिम्मेवारी सारेको तथा ८९ विवाद दर्ता भइ जम्मा १०४ विवाद भएकोमा ८४ वटा फछ्र्योट भई २० वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १८ | | | **आय तर्फ** | |
| १८.१ | | | **मेसिन संचालन**ः नगरपालिकामा व्याक हो लोडर, रोलर तथा सेक्सन मेसिन संचालनमा रेहेको छ । मेसिन संचालन गर्नका व्याक हो लोडर संचलान कार्यविधि २०७४ र रोलर संचालन कार्यविधि २०७४ कार्यान्वयनमा छ । आर्थिक ऐन २०७७ अनुसार व्याक हो लोडर इन्धन सहित उपभोक्ता समितिलाई प्रति घण्टाको रु. १८००/- र अन्यलाई रु. १९००/- का दरले र रोलर इन्धन बाहेक उपभोक्ता समितिलाई प्रतिघण्टा रु. ९००० र अन्यलाई रु. १००००/- का दरले भाडामा दिने उल्लेख छ । दुवै मेसिन संचालन गर्ने कार्यविधिको दफा ८ मा मेसिन संचालन गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा संचालनक समिति रहेको छ । उक्त संचालक समितिले मेशिन संचालन र व्यवस्थापन कार्यको जिम्मेवारी कार्यालयको कुनै शाखा वा नगर प्रहरीलाई दिन सक्ने उल्लेख भए पनि मौखिक आदेशका आधारमा नगर प्रहरीले संचालन गरेको पाईयो । दुवै मेसिन संचालन कार्यविधिको दफा ९ मा मेशिनको माईल मिटर र आवश्यक उपकरण सहित मेशिन दुरुस्त राख्ने र इन्धान, लुब्रिकेन्ट आदीको लकबुक अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटको हुने उललेख छ । तर पालिकाले मेशिन संचालन को माइल मिटरको अद्यावधिक गरी राखेको छैन । जसले गर्दा मेशन र खाता बीचको माइल मिटर भिडान गर्न सकिएन । व्याक हो लोडर र रोलर मेशिन मौखिक आदेशका आधारमा क्रमश १०१ पल्ट र ३४ पल्ट संचालनमा गरी रु. ९४९३५०/- आम्दानी गरेको छ । पालिकाले सेक्सन मेशिन संचालन भए नएको तथ्यांक उपलव्ध नगराएकोले यस बाट आम्दनी एकिन गर्न सकिएन । | |
| १८.२ | | | भद्रपुर नगरपालिकाले आ.व. २०७७।७८ मा संकलन गरेको कुल आन्तरिक आय रु ८३०३३२६५।३१ मध्ये ०७८ असार मसान्त सम्ममा रु ८१९५००३४।२२ दाखिला भई बाँकी रहेको रु १०८३२३१।०९ यथासिघ्र दाखिला हुनुपर्ने रु. | १,०८३,२३१.०९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>विज्ञापन कर - प्रदेश नं. १ को प्रदेश आर्थिक ऐन, २०७७ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारका लागि राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाइ असुल गरिने, करको दर र कर संकलन प्रणाली सम्बन्धित नगरपालिका वा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुने, संकलित करको ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिला गरिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विज्ञापन कर ठेक्का वापत रितिक मिडिया प्रालि ललितपुरलाई संझौता गरी रु ४९६५००/- विभाज्य कोषमा जम्मा नगरी धरौटी खातामा जम्मा गरेको भएको पाइयो । सो रकम बाँडफाँड गरी प्रदेश संचित कोषमा तथा पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>४९६,५००</td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>उत्खनन,संकलन परीमाणको अभिलेखः ढुङ्गा, गिटि, बालुबाउत्खननबिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड, २०७७को बुदा ७(६) मा उत्खनन, संकलनवा ढुवानीकर्ताले उत्खनन, संकलनवा ढुवानी गरेको परिमाणको अभिलेख अनुसूची ४ क बमोजिमको र दैनिक पटके बिक्री बा ढुबानी अभिलेख तेरीज अनुसूची ४ (ख) बमोजिमको ढाँचामा राख्नुपर्ने ब्यबस्था छ । नगरपालिकाले यस बर्ष देहाय बमोजिम नदिजन्य पदार्थको परिमाण उल्लेख गरी (उत्खनन, संकलनवा ढुवानी ) ठेक्का सम्झौता गरेकोमा उत्खनन, संकलन वा ढुवानी भएको परीमाणात्मक अभिलेख राखेको देखिएन । मापदण्ड २०७७ बमोजिम नदिजन्य पदार्थको अभिलेख राखिनु पर्दछ ।<br><table><tr><th>सि..नं</th><th>उत्खनन तथा संकलनकर्ता</th><th>स्थान</th><th>बिबरण</th><th>परीमाण घन मिटर</th></tr><tr><td>१</td><td>अन्नपूर्ण कन्स्ट्रक्सन</td><td>हडिय/निन्दा तथा देउनीय खोला ठेक्का</td><td>बालुवा</td><td>२४५००</td></tr><tr><td>२</td><td>महमद निर्माण</td><td>मेची नदि खोला ठेक्का</td><td>बालुवा</td><td>२४५००</td></tr></table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कोरोना तर्फ</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **आय तथा व्यय विवरणः** आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ । | |

| आम्दानी/स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ७४६४७४६.७६ | राहत वितरण | १७७९८० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ४१७२००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १७३९९४०.६९ |
| संघीय कोभिड कोषवाट | १०३७५७५ | औषधी एवं स्वास्थ्य उपकरण खरिद | २१२२९३४.४६ |
| प्रदेश कोभिड कोषवाट | ६२७२०० | आइसोलेसन केन्द्र निर्माण | |
| अन्य स्रोतबाट | ९७५००० | खोप कार्यक्रम खर्च | ० |
| | | जनशक्ति व्यवस्थापन | १००२२४३.८० |
| | | प्रशासनिक खर्च | ० |
| | | अन्य खर्च | २०५३४२०.८० |
| | | वाँकी | ७१८३००२.०१ |
| जम्मा | १४२७९५१२.७६ | जम्मा | १४२७९५२१.७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | **भरपाइ पेश नभएको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापाले आयुर्वेद औषधि खरिद गरी पालिकाबाट भुक्तानी भएको उक्त औषधिहररु पालिकामा नै हस्तान्तरण भइ आएको छ । तर पालिकाबाट उक्त औषधि कोभिड-१९ का विरामीहरुका लागि भनिए पनि वितरण तथा हस्तान्तरण भएको देखिएन । औषधि प्रयोग भएको नभएको यकिन हुन नसकेकोले औषधि खपतको प्रमाण पेश गर्नुपर्ने रु.<br>गो.भौ.नं. र मिति / विवरण / रकम:<br>१०६४-२०७८।३।२४ / आयुर्वेद औषधि खरिद / २१६९५४<br>१०६७-२०७८।३।२४ / आयुर्वेद औषधि / ३०५५४०<br>जम्मा / ५२२४९४ | |
| १९.३ | १२ | २०७७-६-६ | **दाखिला नभएको:** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्ययालमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । पालिकाले अलिसा सर्जिकल सप्लायर्स इटहरीबाट पिपिई,. माक्स, सेनिटाइजर लगायतका सामाग्रीहरु खरिद गरी रु ४३५१९९/- भुक्तानी गरेकोमा कार्यालयले दाखिला गरेको पाईएन । उक्त सामाग्री दाखिला हुनपर्ने रु | ४३५,१९९ |
| १९.४ | ३० | २०७७-८-१६ | **बढी भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको विल, भरपाई, कागजात सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर पालिकाले क्वारेन्टाइमा बसेका मानिसहरुलाई खाजा खाना वापत दैनिक रु १५७/- का दरले जिल्ला रासन दर अुनसार खर्च गर्ने निर्णय भएको छ । पालिकाले २०७७।६।१ गते देखि २०७७।७।३० सम्म क्वारेन्टाइन बसेका १७० जना मानिसहरुलाई जम्मा ८८० दिनको रु १३५९८१।- को विल भरपाई पेश गरी चन्द्र प्रधानलाई भुक्तानी दिएको छ । क्वारेन्टाइनमा मिति २०७७।६।१ देखि बसेको मानिसहरु भनिएता पनि गोश्वार भौ.नं. १७ मा रहेका ३० जना व्यक्तिहरु को जम्मा १२८ दिन भुक्तानी भइसकेकोमा पुनः यस भौचरबाट पनि भुक्तानी भएकोले विल भरपाइका आधारमा दैनिक रु १५३/- प्रतिव्यक्तिका दरले ३०जनाको १२८ दिनको जम्मा रु १९५८४/- बढी भुक्तानी भएको छ । उक्त वढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु | १९,५८४ |
| २० | | | **पेश्की**<br>पेश्की भुक्तानी गर्दा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएका प्रकृया पूरा गरी नियमावलीमा तोकीएको म्यद भित्रै फछ्र्योट गर्नु पर्ने वयवस्था गरेको छ। कार्यालयले निम्नअनुसारको पेश्की आर्थिक वर्षको अन्त्य सम्मपनी फछ्र्योट गरेको नदेखिएकोले पेश्की फछ्र्योट गर्नुपर्ने रु<br>पेश्की लिनेको नाम,थर,ठेगाना तथा पद / कार्यक्रमको नाम / म्याद नाघेको / म्याद ननाघेको:<br>अच्युत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. / विद्यालय क्षेत्र विकास कार्यक्रम / / १५४०००० | १५,८९७,३२२.५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | शंकर चौधरी ( कर्मचारी ) | बारुणयन्त्र पुजा सञ्चालन | २०००० | | |
| | | | श्री मैथली समाज भद्रपुर झापा | मधेशी विकास कार्यक्रम संचालन | १०९००० | | |
| | | | नेत्र प्रसाद पोखरेल – अधिकृत स्तर छैंटौ | तराई मधेश विकास कार्यक्रम कार्यक्रम | २००००० | | |
| | | | अंगीरा पराजुली – चारआाली चोकबाट धिमलधुरासम्म जाने सडक कालोपत्रे तथा ढल नि.उ.स. भद्रपुर २/३ | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १६०९५७३ | | |
| | | | मेघराज लिम्बु- बनपथ निर्माण उपभोत्ता समिति भद्रपुर ०२ | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १४५०७१४ | | |
| | | | विनालाल राजवंशी-रेडक्रश उपशाखा हुदै संयुत्त वडा कार्यालय जाने बाटो नि.उ.स. | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १६०९६१३ | | |
| | | | अनन्त गुरुङ-गैरी मार्ग निर्माण उपभोत्ता समिति भद्रपुर ०७ | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १६०९६४४ | | |
| | | | सदान्नद राजवंशी - रुपलाल राजवंशीको घरबाट शिवकुमारी घिमिरेको घर हुदै सरस्वती स्कुल सम्म जाने बाटो नि.उ. स. भद्रपुर ७ | वडा स्तरिय योजना | १४०३६७ | | |
| | | | बुधु राजवंशी- खोका बस्ती पुर्व रहेको तीन सिसान घाटमा पानी तथा सअन्तष्टी स्थल निर्माण भद्रपुर ४ | वडा स्तरिय योजना | २००००० | | |
| | | | वेद प्र. गौतम- मुलरोड पश्चिम बद्रिबस्ती सन्थाल टोलको बाटोग्राभेल र ज्ञानेन्द्र काफ्लेको घर देखी पुर्व भाद्रुको घरसम्मको नया बाटोउ.स. भद्रपुर ४ | वडा स्तरिय योजना | ८७६६५ | | |
| | | | डम्बर ब.गुरुङ- सोमबारे चोकबाट वडा कार्यलय हुदै पाण्डे चौक जाने बाटो नि.उ.स. भद्रपुर १/२ | वडा स्तरिय योजना | १६०९७०४ | | |
| | | | बविता लिम्बु –राईको घर देखि दक्षिण हुदै पश्चिम हर्कजंग लिम्बुको घरसम्म र डिक ब. इवा घर देखि दक्षिण खेवा कान्छाको घर सम्मको बाटो रेखाङकन गर्ने उस भद्रपुर ४ | वडा स्तरिय योजना | ८७६८१ | | |
| | | | ब्रहमलाल ढुंगाना- द्रोणचार्य स्मृति भवन निर्माण उपभोत्ता समिति भद्रपुर ८ | अन्य योजना | १७५५७६ | | |
| | | | पदम ब. राई-दशरथपुर सामुदायिक बनमा गेट निर्माण उपभोत्ता समिति भद्रपुर १ | अन्य योजना | ६९७९१ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>लिला ब. प्रदान – नेवा पाठशाला भवन निर्माण अन्तरगत भिमसेनथान निर्माण समिति भद्रपुर २</td><td>अन्य योजना</td><td>२९६२१४</td><td></td></tr>
<tr><td>श्री सरस्वती विद्या मन्दिर प्रा.वि. भद्रपुर ७</td><td>अन्य योजना</td><td>८७७०८</td><td></td></tr>
<tr><td>सामुदायिक प्रहरी सेवा केन्द्र भद्रपुर</td><td>नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम</td><td>१६०९६५१</td><td></td></tr>
<tr><td>चन्द्र प्रधान ( कर्मचारी )</td><td>क्वारेन्टाईन व्यवथापन</td><td>२०००००</td><td></td></tr>
<tr><td>दल बहादुर लिम्बु – हिमाली मा.वि. शैचालय निर्माण उपभोत्ता समिति भद्रपुर १</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम</td><td>६५८५४६</td><td></td></tr>
<tr><td>दधिराम मिश्र– हिमाली मा.वी.मा २ तले ४ कोठे भवन व्लक ए निर्माण उस भद्रपुर १</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम</td><td>२०२७९३८</td><td></td></tr>
<tr><td>विमल श्रेष्ठ– हिमाली मा.वी.मा २ तले ४ कोठे भवन व्लक ए निर्माण उस भद्रपुर १</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम</td><td>२०३७९३८</td><td></td></tr>
<tr><td></td><td></td><td>१५८९७३२३</td><td>१५४००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
रिटेन्सन मनी<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(१) खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य स्वीकार गरेपछि आपूतिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम निर्माण कार्य सम्पन्न गरिसकेपछी ५०% रिटेन्सन मनी फिर्ता गरी बाँकी ५०% कर विवरण पेश गरेको प्रमाण पेश गरे पछि मात्र भुक्तानी दिनसकिने व्यवस्था गरेको छ। तर कार्यलयले निम्न अनुसारको रिटेन्सन वापतको रकम भुक्तानी गर्दा कर विवरण पेश गरेको नदेखिएको रु
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>फिर्ता रकम</th></tr>
<tr><td>१५-०८-७७</td><td>२७</td><td>जगदम्बा कन्ट्रक्सन सलूसन्स</td><td>१७५५००</td></tr>
<tr><td>१९-१०-७७</td><td>४१</td><td>केरुङ्ग निर्माण सेवा</td><td>३०५२५३.६८</td></tr>
<tr><td>१८-११-७७</td><td>४५</td><td>अनुराग निर्माण सेवा</td><td>६,४९९.१४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४८७२५३</td></tr>
</table>
</td><td>४८७,२५३</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
कार्य सम्पादन जमानत<br>
सार्वजनिक खरिद ऐन २०६४ को दफा २७ तथा नियमावलिको नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ११२ अनुसार १० लाख भन्दा वढी मुल्यको निर्माण कार्यको विमा त्रुटी सच्याउने अवधी सम्म म्याद भएको हुनुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको म्याद थप गरेकोमा विमा
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा कार्यसम्पादनको म्याद थप गरेको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |

| ठेक्का नं | निर्माण व्यवसायी | कार्य सम्पादन जमानतरकम | म्याद सकिने मिति | कार्य सम्पन्न भएको मिति | सम्झौता रकम |
|---|---|---|---|---|---|
| 9-2075.076 | एस.बि निमार्ण सेवा | १०३७००० | ३१।०७।२०२० | | ७७६७७२१.१ |
| 7-2075.076 | ॐ शान्ति निमार्ण सेवा | १५१००० | १५।०६।२०२० | २०।०३।७८ | २२९५८७०.७५ |
| 4-2076.077 | पल्पसा कन्स्ट्रक्सन | १४३००० | १२।०३।२०२० | १५।०६।७७ | २८५९३३७.६३ |
| 5-2076.077 | खड्का निमार्ण सेवा | १८५००० | ११।०३।२०२० | ११।०१।७७ | ३६९४८९९.४५ |
| 6-2076.077 | गोपी दुर्गा कन्सट्रक्सन प्रा.लि | २०५००० | ११।१०।२०२० | १५।०५।७७ | ४०९६९५३.८९ |
| 8-2076.077 | राईजिङ डोर्स कन्स्ट्रक्सन कम्पनी प्रा.लि | ८५०५०० | १३।०८।२०२१ | ११।०९।७८ | ४५९५६४४.६४ |
| 9-2076.077 | एस.के इन्जिनियरिङ्ग इन्डष्ट्रिज | १५८५०० | १६।०६।२०२१ | १२।०९।७७ | ३२५०८३७ |
| 10-2076.077 | ॐ शान्ति निमार्ण सेवा | ३०६००० | २५।०८।२०२१ | | ३०६०६११ |
| 11-2076.077 | ॐ शान्ति निमार्ण सेवा | ३२३००० | २५।०८।२०२१ | | ३०३७४८२ |
| 12-2076.077 | ॐ शान्ति निमार्ण सेवा | ३२३००० | २५।०८।२०२१ | १०।०२।७८ | २९९७६८९ |
| 17-2076.077 | गोपी दुर्गा कन्सट्रक्सन प्रा.लि | ४७४००० | ०९।०३।०२१ | २३।१२।७७ | ३५०११५३ |
| 20-2076.077 | गोपी दुर्गा कन्सट्रक्सन प्रा.लि | २४१००० | ०९।०१।०२१ | १०।०३।७८ | १७७७५६३ |
| 21-2076.077 | गोपी दुर्गा कन्सट्रक्सन प्रा.लि | २७४५०० | ०९।०१।०२१ | ०७।०१।७८ | १५९८१२१ |
| 22-2076.077 | ॐ शान्ति निमार्ण सेवा | १००८५०० | ०९।०७।०२१ | १५।०३।७८ | ६४५५६७० |
| 8-2075.076 | गोपी दुर्गा कन्सट्रक्सन प्रा.लि | ४१२८०० | ०६।११।०२० | ०८।०३।७८ | २८४८३२८ |
| 1-2076.077 | ऊा शान्ति निमार्ण सेवा | १७४००० | ०८।०४।०२१ | १६।०३।७८ | ३४७५८८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **भेरिएसन** | |
| २३.१ | | २०७८-१०-७ | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा भेरिएसन जारी गर्न सक्ने व्यवस्था गरेको छ । साथै नियमावलीको नियम ११८ ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन वदल्नु पर्ने वा नपर्ने वदल्नु पर्ने भएमा आधारभुत प्रकृति वा क्षेत्रमा परीवर्तन हुने वा नहुने भेरिएसन परीमाणको प्राविधिक कारण र पुष्ट्याई लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत समेत खुलाएर दफा ५४ वमोजिम भेरीएसन आदेश जरी गर्नुपर्ने व्यवस्था गरेको छ। साथै दफ ५ क मा लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा यस्तो संशोधन सुरु लागत अङ्कमा पच्चिस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरीद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारबाहीको भागीदार हुने व्यवस्था छ । पालिकाले वडा नं २ कार्यालय भवनको लागत अनुमान रु २०३२६७४५ गरी वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी लक्ष्मी माता पि एण्ड जि जेभि लाई रु१६०२७१७२ रकममा २०७७।१०।१५ मा काम सम्पन्न गर्नेगरी संझौता गरेकोमा २०७७।९।१४ मा रु १३८७६९४३ को काम सम्पन्न गरि अन्तिम विलको भुक्तानी भई सकेको छ। निम्न अनुसार काममा थप घट भएको छ। ४७ आईम नयां काम थप गरी रु७६५७४० को लागत अनुमान स्वीकृत गरी सो लागत अनुमानमा सुरु कवोल गर्दाको घटी प्रतिशत २१।१५ले घटाई रु ६०३७८६ मुअकर समेतमा निर्माण व्यवसयीसंग दर संझौता गराएको छ। निर्माण कार्यको सुरु संझौतामा उल्लेख भएका २० आईटमको काम नै नभएको लगायत निम्न अनुसारको कामको परीमाणमा परिवर्तन हुदा भेरीएसन आदेश स्वीकृत नगरी अन्तिम विल वापतको रकम रु ३९५२५५० मुअकर समेत भुक्तानी गरेको नियमसंम्मत नदेखिएको रु | ३,९५२,५५० |

| विवरण | लागत अनुमानको दर अनुसार मुअकर समेत | संझौताको दर अनुसारको मुअकर समेत | प्रतिशत |
|---|---|---|---|
| BOQ मा उल्लेखित २० आईटमको काम नभएको | २६९३०४० | १५४७१८४ | -४२.५ |
| ४७ आईट नयां काम थप | ७६५७४० | ६०३७८६ | -२१.१ |
| सम्पन्न भएको काममा ६४ आईटममा कामको परीमाण वढेको | ३४८७२५६ | २२३०५४५ | -३६. |
| सम्पन्न भएको काममा २६ आईटममा कामको परीमाण घटेको | ३७८७३३२ | ३३७२३५५ | -११. |
| थप घट भएको कुल काम | १०७३३३६७ | ७७५३८७० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा भेरिएसन जारी गर्न सक्ने व्यवस्था गरेको छ । साथै नियमावलीको नियम ११८ ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन वदल्नु पर्ने वा नपर्ने वदल्नु पर्ने भएमा आधारभुत प्रकृति वा क्षेत्रमा परीवर्तन हुने वा नहुने भेरिएसन परीमाणको प्राविधिक कारण र पुष्ट्याई लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत समेत खुलाएर दफा ५४ वमोजिम भेरीएसन आदेश जरी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले नयाँ नगरपालिका अफिस भवनको लागत अनुमान रु ४३९१११५२ गरेकोमा गाल्भा पुष्पान्जलि जेभिलाई मिति २०७४। ६।१० मा कार्य सम्पन्न गर्नेगरी रु ३४४३११९६। ४४ रकममा मिति २०७२।१२।११ मा सम्पन्न गर्ने गरी संझौता गरेको छ। विभिन्न समयमा पटक पटक गरी २०७६ चैत्र मसान्त सम्म प्रमुख प्रशासकिय अधिकृतको निर्णयवाट कार्यालय भवनको दुईकोठा थप गर्ने कारण देखाएर म्याद थप गरेको छ। निर्माण व्यवसायीले २०७६ माघ २१ गते नै कार्यसम्पन्न भई फाईलन बिलको भुक्तानी माग गरेकोमा नगरपरीषदको निर्णयले पुन २०७८ वैशाख मसान्त सम्म म्याद थप गरेको छ। उक्त भवनको निम्न अनुसारको सुरु लागत अनमानमा समावेश भएको भन्दा फरक काम गराएको देखियो। हाल सम्म रु ३४४३३९०८ को कार्य सम्पन्न गरेको देखिन्छ। पालिकाले सुरु लागत अनुमान भन्दा फरक आईटमको काम गराएकोमा लागत संझौताको दरको आधारमा नयां आईटम मात्र रु ५३१८४१।९३ रकमको थप काम गराएको छ । साथै सुरु लागत अनुमानमा समावेश भएको रु २२३९२९५ वरावरको काम घटी गरी रु २४०८१०५ काम थप गरेको छ। नया आईटमको कार्य गर्दा लागत अनुमान तयार तथा स्वीकृत गरी आईटम दरमा संझौता गरेरमात्र थप काम गराउनु पर्नेमा सो वमोजिम गरेको देखिएन। उक्त भवन निर्माणकार्यको दुईवटा कोठा निर्माण थप गरिएको छ। भवनको ढांचामा नै फरक पर्नुका साथै निम्न अनुसारको कामको परीमाणमा परिवर्तन भएकोमा स्पस्ट कारण खुलाई भेरीएसन आदेश जारी नगरी दशौ तथा फाईनल विल वापत दिएको रु ३८४१०५६।२७ भुक्तानी नियमसंम्मत नदेखिएको रु<br><br>विवरण — संझौताको दर अनुसारको रकम मुअकर समेत रु<br>BOQ मा उल्लेखित 48 आईटमको काम नभएको — १४२५८८६<br>७ आईट नयां काम थप — ५३१८४१<br>काम भएको मध्ये ३५ आईटममा कामको परीमाण वढेको — १९१८५३९<br>काम भएको मध्ये ३९ आईटममा कामको परीमाण घटेको — १०३६९५६<br>काममा भएको कुल थपघट — ४९१३२२२ | ३,८४१,०५६.२७ |
| २४ | २७ | २०७७-११-१९ | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै वडा नं १ को स्वनस्थ्य केन्द्र भवन निर्माण कार्यको स्नेहा निर्माण सेवालाई निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरे वापत मुल्य अभिवृद्धि कर समेत रु ३३९०० पिएस आईटमको भुक्तानी गरेकोमा परिक्षण गरेको रिपोर्ट तथा विल संलग्न गरेको नदेखिएकोले भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु | ३३,९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**भेरिएसन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा भेरिएसन जारी गर्न सक्ने व्यवस्था गरेको छ । साथै नियमावलीको नियम ११८ ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन वदल्नु पर्ने वा नपर्ने वदल्नु पर्ने भएमा आधारभुत प्रकृति वा क्षेत्रमा परीवर्तन हुने वा नहुने भेरिएसन परीमाणको प्राविधिक कारण र पुष्ट्याई लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत समेत खुलाएर दफा ५४ वमोजिम भेरीएसन आदेश जरी गर्नुपर्ने व्यवस्था गरेको छ। साथै दफ ५ क मा लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा यस्तो संशोधन सुरु लागत अङ्कमा पच्चिस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरीद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारबाहीको भागीदार हुने व्यवस्था छ । पालिकाले वडा नं ७ कार्यालय भवनको लागत अनुमान रु २०३२६७४५ गरी वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी सगरमाथा कन्ट्रक्सन लाई रु१७०७८१०२।९२ रकममा २०७७।८।१७ मा काम सम्पन्न गर्नेगरी संझौता गरेकोमा २०७७।११।२३ मा रु १४७७६४३४ को काम सम्पन्न गरि अन्तिम विलको भुक्तानी भई सकेको छ। निम्न अनुसार काममा थप घट भएको छ। ४७ आईटम नयां काम थप गरी रु७६५७४० को लागत अनुमान स्वीकृत गरी सो लागत अनुमानमा सुरु कवोल गर्दाको घटी प्रतिशत १५।९८ ले घटाई रु ६४३३७५ मुअकर समेतमा निर्माण व्यवसयीसंग दर संझौता गराएको छ। निर्माण कार्यको सुरु संझौतामा उल्लेख भएका १९ आईटमको काम नै नभएको लगायत निम्न अनुसारको कामको परीमाणमा परिवर्तन हुदा भेरीएसन आदेश स्वीकृत नगरी अन्तिम विल वापतको रकम रु ३८१४५८५ मुअकर समेत नियमसंम्मत नदेखिएको रु

<table>
<tr><th>विवरण</th><th>लागत अनुमान</th><th>BOQ</th><th>प्रतिशत</th></tr>
<tr><td>१९ वटा आईटमको काम नभएको</td><td>२६८१९४०</td><td>६४१३००</td><td>-७६.०८</td></tr>
<tr><td>भएका काम मध्ये २९ वटा आईटममा काम घटेको</td><td>३२४६६३४</td><td>३५८३३३६</td><td>१०.३७</td></tr>
<tr><td>भएका काम मध्ये ६३ आईटममा काम वढेको</td><td>३७३६८२९</td><td>१३७४६९५</td><td>-६३.२१</td></tr>
<tr><td>४७ नयां आईटम थप काम</td><td>७६५७४०</td><td>६४३३७५</td><td>-१५.९८</td></tr>
<tr><td>काममा भएको कुल थपघट</td><td>१०४३११४३</td><td>६२४२७०६</td><td></td></tr>
</table>

</td><td>३,८१४,५८५</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**सडक वत्ति**

सार्वजनिक खरिद ऐन, २०६३ र खरिद नियमावलीको नियम ११ मा लागत अनुमान तयार गर्दा लिईने आधार उल्लेख गरेको छ। जसमा कार्यालय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ ढुवानी खर्च समेत तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न अनुसारको सडक वत्ति जडान गर्न सडक वत्तिमा प्रयोग हुने विद्युतिय सामान र एल ई डि वल्व दुईवटा प्याकेज वनाई लागत अनुमान तयार गर्दा निम्न अनुसारको दरका आधारमा गरेको लिएको दर रेटको आधार देखिएन। कार्यालयले रु ७७७०२३ को समान मात्र प्राप्त गरेको देखिन्छ। साथै पालिकाले जडान गर्ने स्थान निर्धारण नगरी खरिद गरेको छ। खरिद गरीएका सामान के कति कुन कुन स्थानमा जडान गरेको समेतको प्रमाण पेश गर्नु पर्ने रु

<table>
<tr><th>विवरण</th><th>परीमाण</th><th>एकाई</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td colspan="3">सडक वत्ति जडान गर्न सडक वत्तिमा हुने विद्युतिय सामान</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td>१,८२७,९२३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कभर सेट मेटल | ५०० | थान | १६७० | ८३५००० | | |
| | | | | एङ्गल होल्डर | ५००० | थान | ९३ | ४६५००० | | |
| | | | | वेड स्वीच | ५००० | थान | १८ | ९०००० | | |
| | | | | नेपाल मेड तार कपर | ५०० | क्वायल | २३४० | ११७०००० | | |
| | | | | नेपाल मेड तार कपर | ५० | क्वायल | ३७८० | १८९००० | | |
| | | | | मेन स्वीच | २० | थान | १७२५ | ३४५०० | | |
| | | | | मेन स्वीच | २० | थान | ३१५० | ६३००० | | |
| | | | | लागत अनुमान | | | | २८४६५०० | | |
| | | | | लागत अनुमान मुअकर समेत | | | | ३२१६५४५ | | |
| | | | | नेएस्को टेक ईन्टरनेशनल मुअकर सहित | | | | १५०००५२ | | |
| | | | | जम्मा | | | | ७७७०२३ | | |
| | | | | एलईडि वल्व खरिद | | | | | | |
| | | | | LED bulb 15 watts AC 220-240V 50HZ | 6000 | | ४२० | २५२०००० | | |
| | | | | लागत अनुमान मुअकर समेत | | | | २८४७६०० | | |
| | | | | नेएस्को टेक ईन्टरनेशनल कवुल अंक मुअकर सहित | | | | १०५०९०० | | |
| | | | | जम्मा भुक्तानी | | | | १०५०९०० | | |
| | | | | कुल भुक्तानी | | | | १८२७९२३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **कार्य स्वीकार र कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र नियम १२५ बमोजिम निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भएपछि सच्चाउनुपर्ने त्रुटिहरु सच्चाएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा निर्माण कार्य समाप्त हुनासाथै कार्य सम्पन्न प्रतिवेदन तयार देखियो । यसबाट त्रुटी सच्चाउने अवधिको त्रुटिहरु सच्चाएको सूनिश्चित हुने आधार देखिएन । नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार र कार्यसम्पन्न तयार गर्नुपर्ने र कार्यसम्पन्न प्रतिवेदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने व्यवस्थाको अनिवार्य व्यवस्था कार्यान्वयन हुनुपर्दछ । | |
| २८ | | | **दाखिला तथा वितरणको भरपाई** | |
| २८.१ | 207 | २०७८-३-१६ | **भरपाइ पेश नभएकोः** गो.भौ.नं. २०७-२०७८।३।१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा विल भरपाई तथा कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर अपांगता भएका व्यक्तिहरुको लागि सहयोगी सामाग्री खरिद गरी रु. १९९१३३/- भुक्तानी दिएकोमा उक्त खरिद गरिएको सहायता सामाग्री वितरण गरेको भरपाई पेश गरेको छैन । सामाग्री वितरणको भरपाई पेश हुनपर्ने रु. | १९९,१३३ |
| २८.२ | | | **दाखिना नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयमा कुनै पनि माध्यमबाट प्राप्त भएका सामाग्रीको विवरण तथा मूल्य खुलाई सात दिन भित्र आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका सामाग्री कार्यालय प्रयोजनका लागि खरिद गरिएता पनि दाखिला भएको नपाईएकोले खरिद गरिएको सामान कार्यालयमा दाखिला हुनु पर्ने रु. | २६०,४६८ |

| क्र सं | भौचर र मिति | विक्रेता | सामानको किसिम | रकम |
|---|---|---|---|---|
| १ | २७४–०७७/९/१२ | पिसि वान सिस्टम भद्रपुर | सुचना प्रविधि | ३६७७५ |
| २ | ५४९-०७७/११/२३ | स्टारलिंक कम्प्यूटर मर्मत सेन्टर भद्रपुर | कम्प्यूटर | ६२६०० |
| ३ | ५५१–०७७/११ | पिसि वान सिस्टम भद्रपुर | कम्प्यूटर | ६४०८० |
| ७ | | मुक्तीनाथ ईलेक्ट्रोनिक्स भद्रपुर | | २२९९८ |
| ८ | ७७६–०७८/२/११ | विर्ता सजिकेम एण्ड सप्लायर्स विर्तामोड | स्वास्थ्य उपकारण सामाग्री | ७४०१५ |
| | | | जम्मा | २६०४६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजिक निकायले कुनै पनि खरिदका लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु. एक लाख भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेको कम्तिमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेछ उल्लेख छ । तर पालिकाले देहायको फर्मबाट खरिद गरिएको फर्निचरको तथा बाख्राको लागत अनुमान तयारी तथा स्वीकृत नगरी तथा टुक्रा बनाइ खरिद गरी नियमसंगत नदेखिएको रु
<table>
<tr><th>क्र सं</th><th>विक्रेता</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ग्यालेक्सी ईन्टरप्राईजेज</td><td>९९७२२</td></tr>
<tr><td>२</td><td rowspan="2">हिमाल सप्लायर्स</td><td>४६५५६</td></tr>
<tr><td>३</td><td>९९७५०</td></tr>
<tr><td>४</td><td>सुनगाभा सपिङ सेन्टर</td><td>९९४४०</td></tr>
<tr><td>५</td><td>ओम फर्निचर उद्योग</td><td>९९४४०</td></tr>
<tr><td>६</td><td>डाँफे कृषी फर्म हल्दीवारी–२ बाट वडा नं ८ को मिति २०७७/११/७ को निर्णय अनुसार मिति २०७७/११/१४ मा रु. ४०१६ का दरले ४५ थान वाख्रा खरिद गरि रु १८०७२० भुक्तान भएको देखिएको रु.</td><td>१८०७२०</td></tr>
<tr><td>७</td><td>गो.भौ.नं. २८२-२०७८।३।२४ बाट पालिकाले मेची मोडल टेक्निकल एकाडेमी एण्ड कन्सल्टेन्सी, दमकलाई २९०७५ गोटा सेनिटरी प्याड खरिद गरी प्रतिगोटा रु. ६३।६४ का दरले भुक्तानी भएको छ । यसरी सोझै खरिदभएको अनियमित देखिएको रु.</td><td>१८५००५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४७५६७८</td></tr>
</table></td><td>२,४७५,६७८</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>अनुगमन मूल्यांकन तथा भ्रमण</td><td></td></tr>
<tr><td>३०.१</td><td>611</td><td>२०७७-१२-१२</td><td>अन्य निकायको कर्मचारीको भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण अन्य निकायका कर्मचारीहरुलाई भ्रमण तथा अनुगम वापत दैनिक भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छैन । तर पालिकाले भूमि सम्बन्धी समस्या समधान आयोग, काठमाण्डौ मिति २०७७।१२।१ को भ्रमण आदेश नं. १६४ बाट शाखा अधिकृत गणेश प्रसाद पोखरेल दलित , भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन सम्बन्धी प्रशिक्षण तालिम तथा अनुगमन निरीक्षणको लागि मिति २०७७।१२।४ देखि २०७७।१२।१० सम्मको भ्रमण आदेश पेश गरी पालिकाबाट रु १६८००/- भुक्तानी दिएको छ । यस प्रकारको खर्च रकम भ्रमण आदेश स्वीकृत गर्ने सम्बन्धित कार्यालयबाटै व्यहोर्नुपर्ने भएकोले यस पालिकाबाट पनि भुक्तानी भएको हुँदा दोहोरो पर्ने देखिएकोले दोहोरो नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.</td><td>१६,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>अनुगमन भत्ताः गाउँसभा तथा नगरसभाको सुविधा सम्बन्धी ऐन, २०७५ प्रदेश नं १ को दफा ३ को अनुसूची -१(ख) अनुसार नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुको मासिक रुपमा अनुगमन वापतको रकम भुक्तानि दिने व्यवस्था छ । सोही व्यवस्था अनुरुप पालिकाले मासिक पदाधिकारीहरुलाई सुविधा प्रदान गर्दै आएको छ । त्यस्तै भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयको कामको सिलसिलामा भ्रमण आदेश स्वीकृत गरेर मात्र दैनिक भ्रमण उपलब्ध गराउने व्यवस्था रहेको छ। तर पालिकाले उद्यमशिल विकास कार्यक्रम मिति २०७७ माघ ६ देखि १५ सम्म संचालन भएकोमा ५ दिनका दरले अनुगमन गरेको भनि देहायको पदाधिकारी तथा कर्मचरीहरुलाई भुक्तानी भएको छ । कानूनमा व्यवस्था नभएको भुक्तानी रकम असुल उपर गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>पदाधिकारी तथा कर्मचारी</th><th>पाउनुपर्ने यातायात खर्च</th><th>असुल हुनुपर्ने रकम</th></tr>
<tr><td>२४१-२०७८।३।२१</td><td>नगर प्रमुख जीवन कुमार श्रेष्ठ</td><td>सरकारी सवारी साधन</td><td>४२५०</td></tr>
<tr><td>२४१-२०७८।३।२१</td><td>नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठ</td><td>सरकारी सवारी साधन</td><td>४२५०</td></tr>
<tr><td>२४१-२०७८।३।२१</td><td>प्र.प्र.अ. होम प्रसाद भट्टराई</td><td>सरकारी सवारी साधन</td><td>४२५०</td></tr>
<tr><td>२४१-२०७८।३।२१</td><td>टिकाराम पाण्डे</td><td>पालिकाको नर्म्स अनुसारको रकम</td><td>१७५०</td></tr>
<tr><td>२४१-२०७८।३।२१</td><td>अर्पण पौडेल</td><td>पालिकाको नर्म्सअनुसारको रकम</td><td>१७५०</td></tr>
<tr><td>२४३-२०७८।३।२१</td><td>टिकाराम पाण्डे</td><td>लघु उद्यम कार्यक्रममा प्रशिक्षकको पारिश्रमिक बुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु</td><td>२०१००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६३५०</td></tr>
</table></td><td>३६,३५०</td></tr>
<tr><td>३०.३</td><td>1103</td><td>२०७८-३-२४</td><td>भ्रमण खर्चः राष्ट्रिय युवा परिषदको मिति २०७७८।३।८ को च.नं. ६४३ पत्रानुसार मिति २०७८।३।२२ देखि २६ सम्म प्रशिक्षण गर्नको लागि यस कार्यालयवाट राष्ट्रिय युवा परिषद्को कार्यकारी उपाध्यक्ष सरोज ढकाललाई प्रशिक्षणको लागि राष्ट्रिय युवा परिषद्को कार्यालयमा पठाएकोमा यस कार्यालयबाट रु. १५८००/- दैनिक भ्रमण भत्ता बापत रु. भुक्तानी भएको छ तर राष्ट्रिय युवा परिषदको कार्यालयमा प्रशिक्षको भूमिका निर्वाह गरेकोले दैनिक भ्रमण भत्ता दोहोरोहुन सक्ने देखिएकोले उक्त दोहोरो नभएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१५,८००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर विजक नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले २० हजार भन्दा कमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा, मूल्य अभिबृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा बाहेक मूल्यअभिवृद्धि कर दर्ता भएको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले कम्प्युटर विषयमा अध्यापन गराउने शिक्षकहरुलाई हार्डवयेर सफ्टवयेर र नेटवर्किङ बारे एक दिवसिय अभिमुखीकरण, सामुदायिक विद्यालयमा रहेका कम्प्युटर प्रिन्टर लगायतका सामाग्रीहरुको अपडेट, सर्भिसिङ लगायतका कार्यका लागि पिसि वान सिस्टम भद्रपुरसँग मिति २०७७ माघ १ देखि असार मसान्त सम्मको लागि रु. १९८४००।– मा संझौता गरी रु.१९६०००/- भुक्तानी दिएको छ । उक्त सप्लायर्सले भुक्तानी लिदाँ पान विल पेश गरी भुक्तानी दिएकोले कानूनको पालना भएको नदेखिएको रु.</td><td>१९६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | 550 | २०७७-११-२३ | **दाखिला नभएको**<br>**दाखिला नभएको:** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्ययालमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । पालिकाले रिद्धिसिद्धि इनफोसिस बाट खरिद गरिएको कम्प्युटर प्रिन्टर सम्बन्धी सामाग्रीहरु खरिद गरी रु. ८५१००/- भुक्तानी गरेको छ । तर लेखापरीक्षण अवधि सम्म पनि उक्त सामाग्री दाखिला भएको नदेखिएकोले उक्त सामाग्री दाखिला गर्नपर्ने रु. | ८५,१०० |
| ३३ | | | **थप संचयकोष कट्टी**<br>**बढी व्ययभार:** नेपालको संविधान २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । प्रदेश नं. १ मा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन सम्बन्धि प्रदेश कानुन स्वीकृत भई लागु भएको पाइएन । तर नगरपालिकाले "भद्रपुर नगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन(सेवा,शर्त, तह तथा स्तरबृद्धी) गर्न बनेको ऐन, २०७८" मिति २०७८ असार १० मा परित गरी लागू गरेको छ । सो ऐनको दफा दफा ६४(३) मा नगरपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी सेवा करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको मासिक तलवबाट आधारभूत तलवमानको १० प्रतिशत बराबरको रकम मासिक रुपमा कट्टा गरी सोही बराबरको रकम थप गरी सेवामा अविच्छिन्न एक वर्ष पुरा भएपश्चात कर्मचारी संचय कोषमा निजको नाममा जम्मा गरिने उल्लेख गरे अनुसार थप संचयकोष कट्टी गरी जम्मा गर्दै आएको छ । सो ऐन लागू हुनुभन्दा पहिले यस पालिकाले मिति २०७७।८।१८ को नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकामा कार्यरत अस्थायी/करार सेवामा कार्यरत तथा कार्यक्रम तर्फका कर्मचारीहरुको मासिक तलवबाट १० प्रतिशत कट्टा गरी सोही बराबरको रकम थप गरि जम्मा गरिने निर्णय गरेको पाईयो । सोहि निर्णयको आधारमा यो वर्ष अस्थायी र करार तर्फका ८६ जना कर्मचारीको लागि पौष देखि असार मसान्तसम्म रु. १२१२०२४/- खर्च गरेको छ । नगरपालिकाले संघीय तथा प्रदेश कानूनमा व्यवस्था नभई नगरपालिकाले कानून निर्णय गरी थप व्ययभार पारेको रु | १,२१२,०२४ |
| ३४ | | | **कल्याणकोष**<br>**अवकाश कोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.५०,००,०००।-ट्रान्सफर गरेको छ । नगरपालिकाले उक्त कोषको संचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन । कार्यालयले कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । यसरी कानुनको व्यवस्था नगरी कर्मचारीको योगदान विना अनुदान सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने आधार नदेखिएको रु. | ५,०००,००० |
| ३५ | | २०७८-१०-७ | **सभा संचालन खर्च**<br>सभा सञ्चालन खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले नगरसभा संचालन गर्नका लागि नगरसभाका सदस्यहरुलाई व्याग खरिद तथा वितरण गरी भुक्तानी गर्दा रु ६९६०८/- अन्य कार्यालय संचालन खर्च(२२३१९) बाट भुक्तानी भएको छ । स्वीकृत वजेट तथा कार्यक्रमको सीमा भन्दा बाहिर खर्च भएको रकम अनियमित देखिएको रु | ६९,६०८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>लाभग्राही छनौट र पावर टिलर वितरण<br>क) लाभग्राही छनौटः पालिकाले वजेटमा समावेश कार्यक्रम संचालन गर्दा छनौटकोमापदण्ड तयार गरी सार्वजनिक सुचना जारी गरी निवेदन प्राप्त गरेर मापदण्डको आधारमा छनौट गरी पारदर्शी तरीकाले संचालन गरिनु पर्दछ । पालिकाले राष्ट्रय ग्रमिण तथा नविकरणिय उर्जा कार्यक्रम संचालन गर्दा वायो ग्यास निर्माण गर्न १० जनालाई गो.भौ.नं. ४६-२०७८।३।२७ बाट रु २०००० कादरले रु २०००००  वितरण गरेको छ । वितरण गर्दा विना सुचना तथा मापदण्ड वडा कार्यालयको सिफारिसको आधारम मात्र वितरण गरेको छ । साथै उक्त रकम प्राप्त गर्नेले वायो ग्यास निर्माण गरे नगरेको अनुगमन गरेको देखिएन ।<br>ख) पावर टिलर वितरणः कृषिविकास यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशतमा पावरटिलर वितरण गर्दा पालिकाले लागत अनुमान तयार नगरी व्याक्ति समुह तथा सहकारी संस्थाको नाममा आपुर्तिकर्ताको नाममा विजक जारी गराई खरिद गरेको छ। विभिन्न व्याक्तिहरुको नाममा यूनिक एग्रोटेक प्रालि ले रु ८२०००० रकमको विजक जारी गरेको छ । साथै सहकारी संस्थाको नाममा जि ग्रिन ईन्जिनियरीङले रु ३००००० रकमको विजक जारी गरेको छ । पालिकाले ५० प्रतिशत रकम भुक्तानी गरेको छ । पलिकाले एउटै प्याकेजमा सिलवन्दी दरभाउपत्र मार्फत खरिद गरी वितरण गर्नुपर्नेमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको खरीद प्रकृया छल्ने गरी विना प्रतिस्पर्धा खरिद गर्नु नियमसंम्मतदेखिएन।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कार्यक्रम खर्चः</td><td></td></tr>
<tr><td>३७.१</td><td>290</td><td>२०७८-३-२४</td><td>बढी भुक्तानीः आर्थकि कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकरीबाट खर्च गर्न स्वीकृत गराई सोही अनुसार खर्च गर्नुपर्ने त्यस्तै नियम ३९(५) मा कुनै सरकारी निकायबाट तालिम, सेमिनार, गोष्ठी संचालन गरी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपपर्ने उल्लेख छ । तर कोभिड-१९ को क्षति न्यूनिकरणका लागि बैकल्पिक सिकाई सहजिकरण कार्यक्रम संचालन गरी योगेन्द्र पौडेललाई रु. ६,००,०००/- भुक्तानी दिँदा देखिएका व्यहोरा देहायबमोजिम छः
<table>
<tr><th>क्रियाकलाप</th><th>लागत अनुमान</th><th>खर्च</th></tr>
<tr><td>सिकाइ प्रवर्द्धन तथा सहजीकरण सामाग्री</td><td>२५००००</td><td>२४९९२०</td></tr>
<tr><td>रेडियो कार्यक्रम उत्पादन र प्रसारण</td><td>२७००००</td><td>२९३८००</td></tr>
<tr><td>अनुगमन भत्ता</td><td>३००००</td><td>३००००</td></tr>
<tr><td>अभिभावक शिक्षा कार्यक्रम</td><td>५००००</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>६०००००</td><td>५७३६२०</td></tr>
</table>
माथि उल्लेखित स्वीकृत भएको क्रियाकलापहरु मध्ये अभिभावक शिक्षा कार्यक्रम संचालन भएको छैन । खर्चको विल भरपाई रु. ५७३६२०/- पेश गरी पुरै लागत अनुमान बराबरको रकम भुक्तानी भएको छ । वढी भुक्तानी भएको उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु.</td><td>२६,३८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | 506 | २०७८-३-२४ | **कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः** खरिद नियमावली २०६४ को नियम १२५(३) अनुसार जाँचवुझ गर्ने प्रविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गरी सार्वजिक निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले नयाँ कार्यालय भवनमा विद्युत तार विछ्याउने कार्य सुसीला इन्टरप्राईजेज भद्रपुर १० मार्फत कार्य गराइ रु २७७०८०/- भुक्तानी दिएकोमा मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नगरी भुक्तानी भएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | २७७,०८० |
| ३७.३ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२३ बमोजिम रनिङ विलको भुक्तानी गर्दा संझौताको शर्तको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय र परामर्श दाता विराट सामुदायिक अध्ययन केन्द्र वीच भएको संझौताको विज्ञहरुको रोस्टरमा वित्तीय साक्षरता सहजकर्ताको आ व २०७७/७८ को लागि कुनै रकमको व्यवस्था नभइ संझौता भएको छ । तर पालिकाले साविकमा परामर्शदाको फर्मबाट विज्ञ सेवा दिएका दुर्गाकुमारी लुइटेल भट्टराईलाई समेत छुट्टै रकम रु १९६७०० खर्च लेखि भुक्तानी दिएको पाइयो । सामी योजना संचालन गर्न परामर्शदातासँग छुट्टै संझौता भई सेवा संचालन भएकोमा सो फर्म भन्दा बाहिरका व्यक्तिलाई परियोजनाको नामबाट सेवा देखाइ भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु | १९६,७०० |
| ३८ | | | **विद्यालय अनुदान**<br>**कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः** कार्यक्रम कार्यक्रम पुस्तिका आ.व. २०७७/७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा नमुना विद्यालय अन्तरगत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप तल उल्लेखित विद्यालयहरुलाई निकासा दिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न गरेको प्रतिवेदन पेश हुनुपर्ने रु.<br><br>विद्यालयको नाम — रकम<br>विरेन्द्र माध्यमिक विद्यालय — १८०००००<br>हिमाली माध्यमिक विद्यालय — २८०००००<br>जम्मा — ४६००००० | ४,६००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
